# अजयमेरु गाउँपालिका उपाध्यक्ष श्री बसन्ती पाल ज्यू ले
# अजयमेरु गाउँसभा समक्ष पेस गर्नु भएको
# आर्थिक बर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम

अजयमेरु गाउँपालिका
भद्रपुर, डडेल्धुरा
२०८१

सम्मानित गाउँसभाका अध्यक्ष महोदय,
गाउँसभाका सदस्य ज्युहरु,

अजयमेरु गाउँपालिकाको उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८१।०८२ को वजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न उपस्थित भएकी छु । यस अवसरमा सर्वप्रथम म अग्रगामी परिवर्तनका निमित्त वलिदान गर्नुहुने राणाविरोधी आन्दोलन, २००७ साल देखी २०१७ सालसम्म भएका आन्दोलन, पञ्चायत विरोधी आन्दोलन, २०५२ सालको जनयुद्ध, २०६२/६३ को जनआन्दोलन र हरेक न्याय, समानता, राष्ट्रियता, लोकतन्त्र र जनजिविकाका पक्षमा भएका आन्दोलनको क्रममा भएका सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रती हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै उल्लेखित आन्दोलनका क्रममा बेपत्ता भएका परिवार, घाईते, अपाङ्गता भएका ब्यक्ति लगायतलाई सम्मान ब्यक्त गर्न चाहन्छु । सम्पुर्ण घाइते तथा जेलबन्दि योद्धाहरुलाई स्मरण गर्न चाहन्छु । साथै तिनका आश्रित परिवारजनमा हार्दिक सम्मान ब्यक्त गर्न चाहान्छु ।

लामो संर्घषपछि नेपाली जनताको चाहाना अनुरुप संघिय स्वरुपको समावेशी जनप्रतिनिधीमुलक राज्य प्रणाली स्थापना भएको छ । स्थानीय सरकारहरुको सक्रियताबाट लोकतान्त्रीक शासन प्रणाली संस्थागत भएको छ। प्राप्त राजनितीक उपलब्धीसंगै जनताको भरपर्दो साथ र विश्वास पाइ दोस्रो कार्यकालको तेस्रो वर्षमा रहेको वर्तमान अजयमेरु सरकारलाई गाउँपालिकाका सम्पुर्ण स्रोत, साधन र सामर्थ्यको अत्यधिक परिचालन गरी विकास र समृद्धिका यात्रामा अविचलीत रुपमा अघि वढ्न र अजयमेरु वासी जनताको सेवामा तल्लिन हुने सु-अवसर प्राप्त भएको छ ।

केही समयदेखि शिथिल रहेको अर्थतन्त्र सरकारको निरन्तर प्रयासबाट चलायमान हुँदै भएको छ । गाउँपालिकाबाट विगतमा सुरु गरिएका सुधारात्मक कार्यका उपलब्धीहरुलाई संस्थागत गर्दै गाउँपालिकाको आवश्यकतालाई दृष्टिगत गरी आर्थिक क्रियाकलापहरुलाई गतिशिल बनाउन आवश्यक ठानेकी छुँ। संविधानले परिकल्पना गरे अनुसार समृद्ध गाउँपालिका निर्माणका लागि आर्थिक सुधार आवश्यक देखिएको छ।

बजेटलाई गाउँपालिकाको आर्थिक तथा सामाजिक क्षेत्रमा देखिएका चुनौती सम्बोधन गर्दै नागरिकमा आत्मविश्वास र आशा जगाउने र **समावेशी र सन्तुलित विकास समृद्ध अजयमेरुको मूल आधार** भन्ने गाउँपालिकाको दीर्घकालिन सोच प्राप्ती गराउने दस्तावेजको रुपमा प्रस्तुत गरेकी छुँ।

वजेट तर्जुमा गर्दा मैले नेपालको संविधान-२०७२ स्थानिय सरकार संचालन ऐन-२०७४, चालु आवधिक योजनाहरु स्थानीय सरकारका विगत ७ वर्षका अनुभव, आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम, गाउँपालिका अध्यक्ष, तथा सम्मानित सभाका सदस्यहरुबाट प्राप्त सुझाव तथा प्रचलित ऐनकानुनहरुलाई प्रमुख आधार बनाएकी छु। सभाका विषयगत समिति संघीय र प्रदेश सरकार, राजनीतिक दल, गैरसरकारी संस्था, विकास साझेदार, निजी क्षेत्र, सञ्चार क्षेत्र लगायत आम गाउँपालिकाबासीबाट प्राप्त सल्लाह सुझावलाई समेत प्राथमिकतामा राखेकी छुँ।

सम्मानित गाउँसभाका अध्यक्ष महोदय,
अब म स्थानीय सरकार गठनका सात वर्षका केही मुख्य मुख्य उपलब्धीहरु संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु।

- पालिकाका ९५ प्रतिसत भन्दा बढी जनसङख्यामा विद्युत सेवाको पहुच पुगेको छ।
- पालिकाका सबै वडाका केन्द्र र मुख्य बस्तीहरुमा बाह्रै महिना चल्ने सडक विस्तार भएको छ।
- पालिकाको केन्द्र लगायत दुई वडामा बैंकिङ सेवा बिस्तार भएको छ।
- संघ र प्रदेश सरकारसंगको समन्वयमा विद्यालयहरुमा घेरबार तथा भवन निर्माण लगायतका पूर्वाधार निर्माण कार्य सम्पन्न गरिएको छ ।

- गुणस्तरीय शिक्षाका लागि शैक्षिक सम्मेलन र विषयगत शिक्षक सम्मेलन आयोजना लगायत विद्यार्थी संख्या कम भएका विद्यालयहरूको तह मिलान गरिएको छ ।
- सबै पालिकाबासीको आधारभूत स्वास्थ्यमा पहुँच बढाउन आवश्यक कार्य भएको छ। साथै प्रत्येक वर्ष दीर्घरोगीहरुको स्कृनिङ गर्न स्वास्थ्य सिबिर सञ्चालन तथा निःशुल्क औषधि वितरण गरिँदै आएको छ।
- व्यवसायीक आलु  तथा तरकारी खेती, साना सिंचाई कार्यक्रम मार्फत तरकारी पकेट क्षेत्रको निर्माण गरी कृषिजन्य उत्पादनहरुको बजारीकरणमा सहजीकरण गर्न कृषि एम्बुलेन्स सेवा संचालनमा आएको छ ।
- कुखुरापालक कृषकलाई जैविक सुरक्षा सामग्रिहरु वितरण, पशुसेवा घुम्ती शिवीर सञ्चालन, भैसी गोठ निर्माण गरिएको छ ।
- एक गाउँ एक सार्वजनिक ठाउँ नारा अन्तर्गत गाउँपालिकाका ६ वटै वडामा विश्रामस्थलको रुपमा पार्क निर्माण पुरातात्विक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण साथै सार्वजनिक  स्थलहरुमा सौर्य बत्ति जडान गरिएको छ ।
- उद्यमशीलता बिकास तालिम सञ्चालन गरी महिलाहरुलाई उद्यमसँग आवद्ध गर्ने कार्यलाई विभिन्न गैरसरकारी संस्थाहरुसँग समन्वय गरी निरन्तरता दिइएको छ।
- सामाजिक सुरक्षा भत्ता लाभग्राहीको घरदैलोमा पुग्ने गरी वितरणमा सहजीकरण गरिएको छ।
- उत्कृष्ट कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, उपभोक्ता समूहलाई सम्मान कार्यक्रम निरन्तर रुपमा गरिदै आएको छ।
- स्थानीय सरकारले निर्माण गरी लागु गर्नुपर्ने मध्येका ११८ ऐन तथा कार्यविधिहरु पारित गरी लागु गरिएको छ ।

सम्मानित अध्यक्ष महोदय,
आगामी कार्य दिशा स्पस्ट हुने गरी आर्थिक वर्ष २०८१/८२ को बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहान्छु।

बजेटका उद्देश्य देहाय बमोजिम रहेका छन।

१. कृषि क्षेत्रको उत्पादन,उत्पादकत्व बृद्धि गर्नु।
२. उपलब्ध स्रोत साधन र अवसरको न्यायोचित वितरण मार्फत स्वाधिन र समाजवाद उन्मुख ग्रामिण अर्थतन्त्रको निर्माण आर्थिक क्रियाकलापमा तिव्रता ल्याउनु।
३. महिला, दलित, र गरिवीको रेखामुनी रहेका गाउँपालिका नागरीकलाइ सामाजिक र आर्थिक समानता कायम गर्नु ।
४. शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी अभिबृद्धि गरि मानव संसाधन विकाश गर्नु।
५. गाउँपालिकाको सेवा प्रवाहलाइ प्रभावकारी बनाउनु।

बजेटका प्राथमिकताहरु देहाय बमोजिम रहेका छन।
१. आर्थिक उन्नयनका लागी उद्यमशिलता प्रवर्दन।
२. कृषि,सुचना प्रविधि,पर्यटन तथा सास्कृतिक पुर्वाधार निर्माण।
३. शिक्षा स्वास्थ्य लगायत समाजिक क्षेत्रको विकास।
४. समावेशीकरण र पर्यावरण संरक्षण।
५. सुशासन प्रवर्धन तथा सेवा प्रवाहमा सुधार।

सम्मानित अध्यक्ष महोदय,तथा गाउसभा सदस्य ज्यू हरु

अव म उल्लेखित उद्देश्य र प्राथमिकताका आधारमा आर्थिक वर्ष २०८१/८२ को क्षेत्रगत कार्यक्रम र विनियोजन यहाँहरु समक्ष पेश गने अनुमती चाहान्छु ।
१) आर्थिक क्षेत्र
क) कृषी तथा पशु

१.कृषीको व्यावसायीकरण, बैज्ञानिकरण, विविधिकरण विना हाम्रो अर्थतन्त्रमा गुणात्मक तथा परिमाणात्मक सुधार हुन नसक्ने कुरालाई वोध गर्दै कृषी प्रणालीमा आधुनिकीकरण, भुगोल सापेक्ष, वातावरण तथा जलवायु अनुकुलित बनाउँदै आर्थिक वृद्धिको दिगो आधार तयार गर्ने नीतिलाई सफल पार्न आवश्यक रकम विनियोजन गरेकी छु ।

२.ब्यावसायीक भैंसी पालन गर्ने कृषकलाई पशु सुत्केरी भत्ता २ हजार ५ सय प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिएकी छु ।

३.कृषक तालिम, प्रदर्शनी, उन्नत र परम्परागत विउ वितरण, भकारो सुधार, तरकारी नर्सरी, स्थानीय कुखुरा, च्याउँ उत्पादन, फलफुल कलमी मार्फत उन्नत विरुवा उत्पादन, घाँस खेती प्रवर्धन, सहकारी र समुह मार्फत कुखुरा पालन ब्यवसाय, निजी कृषी तथा पशुपालन फर्म विकास, कृषक उद्यमशिलता कार्यक्रम सञ्चलन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

४. गाउँपालिकाको प्रमुख संभावनाको रुपमा रहेको भटमास, मकैको उत्पादनलाई बढाउन विउमा अनुदान लगायत अन्य आवश्यक कार्यक्रम प्रवर्धनात्मक कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

५. वडा नं ६ मा फलफुल तथा मह उत्पादन कार्यक्रमका लागि रु २ लाख विनियोजन गरेकी छु।

६. अजयमेरु गाउँपालिकामा पुष्प खेति प्रवर्धन गर्न रु ५० हजार बिनियोजन गरेकी छु।

७. पशु पन्छीमा लाग्न सक्ने सम्भावित महामारीजन्य रोगहरुको नमुना संकलन गरि अन्वेषण गर्न नमुना संकलन कार्यक्रम संचालन गर्न आवस्यक रकम विनियोजन गरेकी छु।

८. अजयमेरु गाउँपालिकाको सम्भावित क्षेत्रमा केरा खेतिका लागि रु १२ लाख विनियोजन गरेकी छु।

९. कृषि तथा पशुजन्य उत्पादनमा बढोत्तरी गर्ने किसानलाइ प्रोत्साहन स्वरुप पुरस्कार तथा सम्मानको व्यवस्था गरेकी छु।

१०. किसान तथा पालिकामा कार्यरत कृषि तथा पशु प्राविधिकहरुको क्षमता विकास गर्न तालिम तथा अवलोकन भ्रमणका लागी आवस्यक रकम विनियोजन गरेकी छु।

११. कृषिजन्य जमिनमा सिचाइको पहुँच पुगाउने कार्यक्रम अन्तर्गत साना सिंचाइ कार्यक्रम अन्तर्गत रु ६ लाख विनियोजन गरेकी छु।

१२. सीमान्तकृत अति विपन्न दलित समुदायमा डुअल प्रपोज चल्ला वितरण कार्यक्रमका लागि रु २ लाख ५० हजार रकम विनियोजन गरेकी छु।

१३. हिउँदे वर्षे फलफूल विरुवा वितरण र खाद्यान्न र दलहन विउ वितरण कार्यक्रमका लागि रु ४ लाख २० हजार विनियोजन गरेकी छु ।

१४. बाँझो जग्गाको सदुपयोग तथा स्थानीय उत्पादनको वजारीकरणका लागि हाट बजार सञ्चालन तथा लेवलिङ प्याकेजिङको लागि रु ३ लाख विनियोजन गरेकी छु ।

१५. बहुउद्देश्यीय नमुना कृषि फर्मलाई व्यवस्थित बनाउन रु छ लाख विनियोजन गरेकी छु ।

१६. कृषकहरूलाई कृषि दुर्घटना वीमामा आवद्ध गराउन रु एक लाख विनियोजन गरेकी छु ।

ख) पर्यटन तथा संस्कृतीः

१.यस गा.पा.भित्र रहेका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्यटकिय क्षेत्रको पहिचान गरि पर्यटन पुर्वाधारको निर्माण गर्दै आन्तरिक तथा बाह्य पर्यटनलाई भित्र्याउने नीति अनुरुप अजयमेरुको संरक्षणमा रु ९० लाख रकम विनियोजन गरेकी छु ।

२.ऐतिहासिक महत्वको धार्मिक तथा पर्यटकीय स्थल देवल पार्क लगायत सबै वडामा पार्कहरू व्यवस्थित गर्न रु १२ लाख विनियोजन गरेकी छु ।

३.स्थानीय चाडपर्व, मेला, दिवस संरक्षण तथा सम्बर्धनका लागि प्रचारात्मक तथा प्रवर्धनात्मक कार्यक्रम गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

४.समग्र मठ मन्दिरको मर्मत सम्भार तथा संरक्षणको लागी रु ६ लाख रकम विनियोजन गरेकी छु ।

५ पालिकामा रहेका परम्परागत सँस्कृतिहरूको संरक्षणका लागि सँस्कृति प्रवर्धन कार्यक्रम अन्तर्गत एकमुष्ट रु तीन लाख विनियोजन गरेकी छु ।

ग) सहकारी

१. गाउँपालिका भित्रका सबै सहकारीलाइ मर्ज गर्न प्रोत्साहित गरी सहकारीको स्तरीकरण र सवलीकरण गर्न सहकारी गठन, पुर्नगठन, विस्तार गरि कृषिलाई सहकारीसँग जोड्न तथा संस्थागत क्षमता अभिबृद्धिका व्यवस्थापन तथा लेखापालन तालीम सञ्चालन गर्न आवश्यक १ लाख ५० हजार रकम विनियोजन गरेकी छु ।

२. सहकारी साक्षरता प्रवर्धन गरी पालिकामा रहेका साना उद्यमीहरूलाई सहकारीसँग आवद्ध गर्न गैर सरकारी संस्थाहरूलाई परिचालन गर्ने व्यवस्था मिलाएकी छु ।

२. सामाजिक क्षेत्र

क) शिक्षाः

१. MBBS अध्ययन छात्रवृत्ती कार्यक्रम अन्तर्गत रु ६ लाख विनियोजन गरेकी छु ।

२.शिक्षामा सबैको पहुँच पुऱ्याउदै प्राविधिक र व्यवसायिक बनाउने नीति तथा कार्यक्रमलाइ यस वर्ष पनि निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेकी छु ।

३.भौतिक रुपमा अति आवश्यक देखिएका विद्यालयको पहिचान गरि पुर्वाधार विकास कार्यक्रम संचालन तथा मर्मत संभारको लागी आवश्यक रकम रु १ लाख विनियोजन गरेकी छु ।

४.शिक्षक, अभिभावक तथा विद्यार्थी विच निरन्तर अन्तरक्रिया तथा प्र.अ. वैठक संचालन गर्न गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

५. शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक तथा विषयगत सम्मेलन आयोजना गर्न रु छ लाख विनियोजन गरेकी छु ।

६. शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षक तथा विद्यालय कर्मचारी, वालविकास सहयोगी कार्यकर्ताको मनोवल उच्च राख्न तालिमको ब्यवस्था गरेकी छु ।

७. शिक्षक अभावको समस्यालाइ न्युनिकरण गर्नै कार्यक्रम निरन्तरता दिन तथा थप शिक्षक भर्ना गर्न तथा स्वयमसेवक शिक्षक कार्यक्रम लागु गर्न रु १ करोड ६ लाख ४० हजार रकम विनियोजन गरेकी छु ।

८.कक्षा आठ पाचँ र विद्यालय तहका परिक्षालाई थप प्रभावकारी वनाउन तथा सम्पुर्ण कक्षाका सम्पुर्ण परिक्षा गाउपालिका स्तरमा संचालन गर्न आवश्यक रकम रु ७ लाख ५० हजार विनियोजन गरेकी छु ।

९. बालक्लब, जुनियर रेडक्रस तथा विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप संचालन गर्न आवस्यक बजेट विनियोजन गरेकी छु ।

१०. विद्यालयका बालबालिकाको शैक्षिक भ्रमण तथा व्यवस्थापनमा सहजीकरण गर्न आवस्यक प्रवन्ध गरेकी छु ।

११. आधारभूत तह कक्षा १-८ को लागि स्थानीय पाठ्यपुस्तक छपाई गरि निशुल्क वितरणका लागि रु ८ लाख २५ हजार विनियोजन गरेकी छु ।

१२. केदार शिशु सुधारक मा.वि. खोलि मटेलामा शैक्षिक पूवाधार विकास तथा नमुना विद्यालय स्थापना गर्न बहुबर्षीय कार्यक्रम अन्तर्गत आ व २०८१-८२ मा रु १ करोड ५ लाख रकम विनियोजन गरेकी छु।

१३. विद्यालयमा कार्यरत शिक्षकहरूलाई सूचना प्रविधिसँग आवद्ध गराउन तालिम सञ्चालनका लागि रु १ लाख ८० हजार विनियोजन गरेकी छु ।

१४. शैक्षिक शत्र २०८१ मा तह मिलान भई घटुवा भएका विद्यालयहरूलाई अनुदान प्रदान गर्न रु ३ लाख रकम विनियोजन गरेकी छु।

१५. विद्यालय नर्स कार्यक्रमको लागि आवश्यक रकमको विनियोजन गरेकी छु ।

ख) स्वास्थ्य

१. मोवाइल भिडियो एक्सरे सेवा, सामुदायीक स्वास्थ्यलाइ प्रभावकारी वनाउन समुदायमा नियमित स्वास्थ्यकर्मी भेटघाट कार्यक्रम, डाक्टर सहितको स्वास्थ्य शिविर बाल स्वास्थ्य, खोप, पोषण, भिटामिन ए कार्यक्रमलाई प्रभावकारी बनाउन तथा स्वास्थ्य सेवाका नियमित कार्यक्रम सचालन गर्न २ करोड ४ लाख ८० हजार विनियोजन गरेकी छु ।

२.स्वास्थ्य चौकीहरुमा प्राविधिक जनशक्ति सहित संचालीत ल्यावलाइ थप प्रभावकारी  वनाउन रु १४ लाख ४० हजार रकम विनियोजन गरेकी छु ।
३. आधारभुत स्वास्थ्य सेवामा सबैको पहुच पुऱ्याउन औषधि खरिदका लागि रु.१५ लाख विनियोजन गरेकि छु ।
४.सामुदायीक स्वास्थ्य ईकाईहरु सञ्चालन गर्नका लागी रु ४५ लाख  विनियोजन गरेकी छु ।
५.अजयमेरु गाउँपालिकाका सबै वडाहरुमा एकीकृत स्वास्थ्य शिविर संचालन गर्नका लागि रु १२ लाख रकम विनियोजन गरेकी छु ।
६.गाउँघरमा डाक्टर कार्यक्रमको लागि रु २ लाख ४५ हजार रकम विनियोजन गरेकी छु ।
७.अध्यक्षको चाहना स्वस्थ र निरोगी जनता कार्यक्रम को लागि ३ लाख २० हजार रकम विनियोजन गरेकी छु।
८.अजयमेरु गाउँपालिकाका सम्पूर्ण नागरिकहरुको बर्षको २ पटक ब्लड प्रेसर, सुगर, पिसाव, पिसावामा प्रोटिनको मात्राको निशुल्क जांच गर्न आवस्यक रकम विनियोजन गरेकी छु ।
९.गर्भवती जांच प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिएकी छु ।
१०.स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्डलाइ प्रभावकारी बनाउन आवस्यक बजेटको सुनिस्चितता गरेकी छु ।
११. पालिकाको कुनै एक उत्कृष्ट स्वास्थ्य संस्थालाई डिजिटल हेल्थसँग आवद्ध गर्न रु ४ लाख विनियोजन गरेकी छु ।
१२.क्षयरोग मुक्त अभियान कार्यक्रम संचालन गर्न रु १ लाख बजेट विनियोजन गरेकी छु ।

ग) खानेपानी तथा सरसफाई

१.खानेपानीमा सवैको सहज पहुँच पुऱ्याउँदै स्वच्छ खानेपानी पुऱ्याउने नीति अनुरुप पानी मुहानहरु रिचार्ज गर्न, पुराना नाउला, पौवा, धारा, मगराउ संरक्षण सम्बर्धन गर्न ,बजार व्यवस्थापन समितिहरुलाई सक्रिय बनाउँदै फोहोर व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।
२.खानेपानीको सहज पहुचको लागी डिप वोरिङ प्रविधि तथा लिफ्टको सम्भाव्यता अध्ययन आवश्यक रकम विनियोजन गरेकी छु ।
३.सबै भन्दा वढि खानेपानिको समस्यामा रहेको वडा नं ५ र ६ को समस्या समाधान गर्न सोर्नाया लिफ्ट वहुउपयोगी  खानेपानि तथा सिचाइ आयोजनाको निर्माणको लागी संघिय सरकार समपुरक अनुदानमा आवश्यक रकम विनियोजन गरेकी छु ।
४.लेटम खानेपानी पुर्वाधार विकास योजनाका लागि प्रदेश विशेष अनुदानबाट रु ३५ लाख विनियोजन गरेकी छु ।

घ) खेलकुद तथा मनोरञ्जन

१.दीर्घ जीवनका लागि खेलकुदको मान्यतालाई स्वीकार गर्दै खेलकुद विकासको नीति  अनुरुप समग्र खेलकुद कार्यक्रमलाइ समन्वय गर्न गाउँपालिका स्तरीय खेलकुद विकास समिति क्रियाशिल वनाउन गाउँपालिकाको आफ्नै योजना वा अन्य साझेदार संस्था मार्फत गाउँपालिका स्तरीय ,विद्यालय स्तरीय अध्यक्ष कप प्रतियोगिता लगायत विभिन्न खेलकुद प्रतियोगीता संचालन गर्न रु १९ लाख विनियोजन गरेकी छु ।
२.माध्यमिक विद्यालय स्तरीय राष्ट्रपति रनिंङ शिल्ड प्रतियोगिता संचालन गर्नको लागि रु ८ लाख विनियोजन गरिकी छु
३. आधारभुत विद्यालय स्तरीय रनिंङ शिल्ड प्रतियोगिता संचालन गर्नको लागि रु २ लाख ७० हजार विनियोजन गरेकी छु ।
४. शिक्षक कर्मचारी मैत्रीपुर्ण खेलकुद प्रतियोगिता गर्नको लागि रु ५० हजार विनियोजन गरेकी छु ।

ङ) लैङ्गिक समानता र समावेशीकरण

१.सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, सेवा सुविधा लगायतका सवै क्षेत्रमा लक्षीत वर्गको सम्मानजनक उपस्थिती गराउने नीति अनुरुप महिलाको आयआर्जनमा अभिबृद्धि गर्न उद्यमसिल तथा सिपमुलक कार्यक्रम संचालन गर्न दलित, विपत्र समुदाय तथा अपाङ्गहरुका लागि सीप विकास तथा क्षमता अधिवृद्धि सम्बन्धी कार्यक्रम  सन्चालन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।
२.एकल महिला सँग उपाध्यक्ष कार्यक्रमका लागी रु २ लाख ५० हजार विनियोजन गरेकी छु ।
३.लैङ्गिक तथा घरेलु हिंसा पिडित महिलाका समस्याहरुलाई विशेष सम्बोधन गर्दै लैङ्गिक तथा घरेलु हिंसा न्यूनिकरण र पिडित महिलालाई संरक्षण कार्यक्रमका लागी लैंगिक हिँसा निवारण कोषलाई सुदृढ गरेकी छु ।
४."ज्येष्ठ नागरिक संग जयराज कार्यक्रम" अन्तरगत ज्येष्ठ नागरिकलाई सम्मान गर्ने कार्यक्रम लाइ रु ३ लाख विनियोजन गरेकी छु ।

५.सेफ हाउस संचालनको लागी रु १ लाख विनियोजन गरेकी छु ।
६.महिला शशक्तिकरण द्वारीका देवी ठकुरानी कार्यक्रम अन्तर्गत पछाडी परेका पारिएका विपन्न महिलाको शशक्तिकरणका लागी रु ५ लाख विनियोजन गरेकी छु ।
७.बाल क्लब, स्काउट परिचालन तथा बाल प्रतियोगिताका लागि रु १ लाख ५० हजार विनियोजन गरेकी छु ।
८.अजयमेरु गाउँपालिका अन्तर्गत विदुर हरुको जनजीविकाका लागि विदुर भत्ता वितरण कार्यक्रममा रु ५ लाख ५० हजार विनियोजन गरेकी छु ।
९. शहिद घाइते जेलबन्दि द्वन्द्व पीडितको सम्मानका लागि रु २ लाख विनियोजन गरेकी छु ।
१०. अजयमेरु गाउँपालिकाको न्यायिक समितिलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन र कानुनि सहायता सम्बन्धि सचेतना कार्यक्रम संचालन गर्न रु ३ लाख विनियोजन गरेकी छु ।
११. सडक मानव व्यवस्थापनको लागि रु १ लाख विनियोजन गरेकी छु ।
१२. छुट हलिया तथ्याङ्क अद्यावधिक कार्यक्रमका लागि रु १ लाख विनियोजन गरेकी छु ।

३. पूर्वाधार विकास क्षेत्रः
क) स्थानीय सडक र यातायात
१.वर्षामा हुने सडक क्षतीको कारण सडक अवरुद्ध हटाउन तथा सडक सरसफाइ र अन्य आकस्मीक सार्वजनीक मर्मतका लागि रकम रु १५ लाख विनियोजन गरेकी छु ।
२. प्रदेश सरकार समपुरक अनुदानबाट बसाना दोगाड अजयमेरुकोट भद्रपुर सडकका लागि रु ९१ लाख विनियोजन गरेकी छु ।
३. सोर्नाया डागेश्वरी लिफ्ट खानेपानी आयोजना यसै आर्थिक बर्षमा सम्पन्न गर्न संघीय समपूरक अनुदान सहित रु २ करोड ६० लाख रकम बिनियोजन गर्नुका साथै नपुग रकमको लागि नगर विकास कोष, संसद विकास कोष तथा अन्य दात्री निकायहरु संग सहयोगको लागि अनुरोध गर्ने व्यवस्था मिलाएकी छु ।
४. पालिकाका विभिन्न स्थानहरू जोड्ने सडकहरूमा स्थान संकेत तथा ट्राफिक सचेतना कार्यक्रमका लागि रु १ लाख विनियोजन गरेकी छु ।
५. पालिकामा रहेका पुलहरूको संरक्षणका लागि पुल हेराला कार्यक्रमका लागि रु २ लाख ४ हजार विनियोजन गरेकी छु ।

ख) सिंचाई
१.साना तथा मझौला सिंचाईहरुको विस्तार र सुदृढ गर्ने नीति अनूरुप अवरुद्ध भएका साना तथा मझौला सिंचाईलाई सुचारु गराउँदै केही नया सिंचाई योजनाको शुरुवात गर्न प्रदेश सरकार तथा गाउँपालिका मार्फत आवश्यक रकम विनियोजन गरेकी छु ।
२.साना सिचाई मार्फत सिचाई सुविधा उपलब्ध गराउन रु ६ लाख विनियोजन गरेकी छु ।
३. घरिजर लिफ्ट सिंचाई योजनाको लागि प्रदेश सरकार विशेष अनुदानबाट रु ३५ लाख विनियोजन गरेकी छु ।
४. मल्लोधारी ग्वान्नी सिंचाई योजनाको लागि प्रदेश सरकार समपूरक अनुदानबाट रु ६२ लाख विनियोजन गरेकी छु ।

ग) भवन तथा सहरी विकास
१.भवन निर्माण आचार संहिता - २०७२ अनुरुप गाउँपालिका स्तरीय आचार संहिता निर्माण गरि भवन निर्माण र शहर व्यवस्थापनको नीति कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाएकी छु ।
२. गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गर्नका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

घ) सञ्चार
१. सबै गाउँपालिकाका कार्यालयमा, शैक्षिक संस्था तथा स्वास्थ्य संस्थामा इन्टरनेट तथा गाउँपालिका भरीका कार्यालय जोड्न इन्ट्रानेट सुविधा जडान कार्यका लागी रु ८ लाख विनियोजन गरेकी छु गरेकी छु ।
२. यस गाउँपालिकाको आफ्नै वेभसाइट, फेसवुक साइट थप प्रभावकारी वनाउन आवश्यक रकम विनियोजन गरेकी छु ।

४. वन ,वातावरण तथा विपद व्यवस्थापन

१.बनविनास र क्षयीकरण रोक्दै बनको संरक्षण व्यवस्थापन र बृक्षारोपण गरि बन विकास मार्फत प्राकृतिक श्रोतको व्यवस्थापनको नीति अनुरुप "अजयमेरु गाउँबासीको सान एक गाउँ एक उद्यान कार्यक्रम" मार्फत सवै नाङ्गा डाँडामा क्रमिक रुपमा बृक्षारोपण गर्न रकम रु ८ लाख विनियोजन गरेकी छु ।

२.प्रकोप व्यवस्थापन कोषमा आवश्यक रकम रु १० लाख विनियोजन गरेकी छु ।

५) संस्थागत विकास,सेवा प्रवाह र सुशासन

१.व्यक्तिगत घटना दर्ता अनलाइन मार्फत गर्न तथा सामाजिक सुरक्षा दर्ता अनलाइन मार्फत गर्न र राजश्व प्रणलीलाइ कम्प्युटराइज्ड गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

२.न्यायमा सबैको पहुच सुनिश्चित गर्न न्यायिक समिति संचालन गर्न रु ३ लाख विनियोजन गरेकी छु ।

३.जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारी, शिक्षक, क्षमता अभिबृद्धिका गर्नका लागी मानव संसाधान विकास कार्यक्रममा रु ८ लाख विनियोजन गरेकी छु ।

४.गाउँपालिका र सवै वार्डहरुमा क्षतिपूर्ती सहितको नागरिक वडापत्रलागू गरि डिजिटल नागरिक वडापत्र सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेकी छु ।

५.सम्पुर्ण राष्ट्रसेवक कर्मचारी, शिक्षक, विद्यालय कर्मचारीहरुको मनोवल उच्च राख्न एकमुष्ट प्रोत्साहन खर्च उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरेकी छु ।

६.उत्कृष्ट कार्य गर्ने जनप्रतिनिधी, कर्मचारी, विषयगत शाखा, वडा कार्यालयलाई पुरस्कृत गरि प्रोत्साहन गर्ने आवश्यक रकम रु २ लाख विनियोजन गरेकी छु ।

७. पालिकाबाट प्रवाह हुने सबै सेवाहरूलाई घुम्ति रुपमा सञ्चालन गर्न दैलोमा सरकार कार्यक्रम अन्तरगत रु ३ लाख विनियोजन गरेकी छु ।

६) विविध

१. सरकारी तथा गैह्रसरकारी तवरबाट यस गा.पा. भित्र संचालन हुने समान प्रकृतीका गतिविधीहरुलाई एकिकृत रुपमा लागु गर्ने व्यवस्था मिलाएकी छु ।

२.वडाहरुमा टोल विकास संस्था गठन मार्फत जनसहभागीता अभिबृद्धी कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

३. युवा सीपमूलक तालिम तथा लोक सेवा शिक्षक सेवा तयारी कक्षा सञ्चालनका लागि रु ५ लाख विनियोजन गरेकी छु ।

४. गाउँपालिकामा आवासीय योग शिविर सञ्चालनका लागि रु ३ लाख विनियोजन गरेकी छु ।

५. बजार अनुगमन तथा उपभोक्ता जागरण कार्यक्रमका लागि रु १ लाख विनियोजन गरेकी छु ।

६. छिमेकी स्थानीय सरकारहरुसँग साझेदारी तथा समन्वय गर्न रु १ लाख विनियोजन गरेकी छु ।

७. पालिकाको एक स्थानमा साझा सुविधा केन्द्र स्थापना गर्नका लागि आवश्यक रकम विनियोजन गरेकी छु।

अव म वडा स्तरका कार्यक्रम तथा योजनामा विनियोजीत रकम र विनियोजनको आधार प्रस्तुत गर्दछु ।

भौगोलिक अवस्था जनसङ्ख्या र जीवनस्तरलाई आधार मानी वडा नं १ मा रु २५ लाख ५५ हजार, वडा नं २ मा २९ लाख ३२ हजार, वडा नं ३ मा २५ लाख २५ हजार , वडा नं ४ मा २५ लाख ५८ हजार वडा नं ५ मा २७ लाख ४८ हजार र वडा नं ६ मा २५ लाख ९८ हजार विनियोजन गरेकी छु । साथै सबै वडाहरूमा समानुपातिक हिसावले योजना तथा कार्यक्रमहरू सञ्चालन गर्न एकमुष्ट रु ८६ लाख विनियोजन गरेकी छु ।

सम्मानित गाउसभा अध्यक्ष ज्यू

अव म वजेटको विनियोजन र स्रोतको ब्यवस्था सम्वन्धि आधारहरु प्रस्तुत गर्ने अनुमती चाहान्छु । आर्थिक वर्ष २०८१।८२ का लागी अनुमान गरएिको खर्च ब्यहोर्ने स्रोत मध्ये आन्तरीक राजश्ववाट रु ३४ लाख, अल्या बाट २ करोड ४१ लाख ९३ हजार, नेपाल सरकारवाट प्राप्त वित्तिय समानीकरण वाट रु ८ करोड ४१ लाख, नेपाल सरकारवाट राजश्व वाडफाड भइ

प्राप्त हुने रु ८ करोड ४१ लाख, नेपाल सरकारवाट प्राप्त शशर्त अनुदान रु २३ करोड ७६ लाख ९७ हजार, प्रदेश सरकारवाट प्राप्त वित्तिय समानीकरणवाट रु ६८ लाख २ हजार, प्रदेश सरकारवाट राजश्व वाडफाड भइ प्राप्त हुने रु १७ लाख, प्रदेश सरकारवाट प्राप्त शशर्त अनुदान रु ५८ लाख ३० हजार रहनेछ । साथै प्रदेस सरकार वाट समपुरक अनुदानबाट ७६ लाख ५० हजार र विशेष अनुदानवाट ७० लाख, संघिय सरकारवाट विशेष अनुदानबाट १ करोड ५ लाख र संघिय सरकार समपुरक अनुदान वापत १ करोड ३० लाख प्राप्त हुनेछ भन्ने अनुमान गरेकी छु । यसरी कुल आय ४८ करोड ३१ लाख ७२ हजार अनुमान गरेकी छु । साथै अनुमानित खर्चतर्फ प्रशासनिक चालु खर्च ८ करोड ९२ लाख , विविध तथा पुँजिगत तर्फ ११ करोड १७ लाख ९५ हजार, संघीय र प्रदेश सरकारबाट प्राप्त सर्शत समपुरक र विशेष अनुदान कार्यक्रमबाट हुने चालु तथा पुँजीगत खर्च २८ करोड १६ लाख ७७ हजार गरि जम्मा रु ४८ करोड ३१ लाख ७२ हजार व्यय हुने अनुमान गरेकी छु ।

सम्मानित गाउँसभाका अध्यक्ष महोदय,

अन्त्यमा,

यस वजेटको कार्यान्वयनबाट आर्थिक क्रियाकलापमा बिस्तार हुने, नागरिकहरुलाई नजिकबाट सेवा प्रवाह गरी सुशासन कायम हुने, सामाजिक सुरक्षा तथा मानब विकासका सुचक हरु(शिक्षा,स्वास्थ्य,भौतिक पुर्वाधार,कृषि, सरसफाई खानेपानी) उल्लेखनीय प्रगती हुने, रोजगारीका अवसरहरु सिर्जना हुने, राज्यले लिएका निति र दिगो विकासका लक्ष्य, विभिन्न रणनितीक लक्ष्य तथा पन्ध्रौ पन्चवर्षिय योजनाको लक्ष्य प्राप्तिमा महत्वपूर्ण भुमिका निवार्ह गर्ने अपेक्षा गरेकी छु ।

प्रस्तुत वजेट वनाउन मार्ग दर्शन गर्नुहुने यस गाउँपालिकाका अध्यक्षज्यू,वडा अध्यक्ष ज्यूहरु,गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु,गाउँ सभाका सदस्यज्यूहरु, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितीका सदस्यज्यूहरु,बजेट छलफलका क्रममा आ आफ्नो क्षेत्रबाट सुझाब तथा सहयोग गर्ने राजनितीक दल ,नीजी क्षेत्रका संगठनहरु, गैरसरकारी संस्थाहरु, नागरिक समाज पत्रकार ,पेशाकर्मि तथा सामुदायिक संस्था, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, सामाजिक संगठनहरु पत्रकार र सम्पुर्ण नागरिकहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै वजेट तथा कार्यक्रम पारित गरी कार्यान्वयनमा सबैको खुला र रचनात्मक सहयोगको अपेक्षा गरेकी छु ।

धन्यबाद

बसन्ती पाल

उपाध्यक्ष, अजयमेरु गाउँपालिका